
# महिलामैत्री शहर बनाउने सुनवलको योजना



नवलपरासी (बुटवल टुडे), १९ साउन - नेपालमै पहिलो बालमैत्री नगरपालिका घोषणा गराउन सफल जिल्लाको सुनवल नगरपालिका अहिले महिलामैत्री नगर निर्माणका लागि आवश्यक पूर्वाधार निर्माणमा लागेको छ। युरोपियन युनियन समेत विभिन्न सहयोगी संस्थाको सहयोगमा महिला मैत्री पूर्वाधार निर्माण गरि महिला मैत्री शहर बनाउनमा लागि परेको नगरप्रमुख विमला अर्यालले जानकारी गराएकी हुन्।महिला मैत्री नगर (सिटी फर ओमेन) का लागि आवश्यक पूर्वाधारबारे प्राविधिक टोली वडास्तरका गाउँ र टोलमा पुगेर स्थानीयको सहभागितामा सर्वेक्षण कार्य शुरु गरेको उनले बताईन्। केही समय आफै पुगेर पनि सहजीकरण गर्दै आएको छु, उनले भनिन्, पुग्न नसकेको स्थानमा कार्यपालिका सदस्यहरूलाई परिचालन गरिँदै आएको सुनाईन्। प्राविधिकको रूपमा आर्किटेक अनुप घिमिरे लगायतको प्राविधिक टोलीले काम गर्दै आएका छन्। उक्त महिला मैत्री शहर परियोजना शहरी विकास मन्त्रालय र युनोप्स नामक संस्थासँग सहकार्य भई सञ्चालन भइरहेको छ। मुलुकभरिका ७ वटा पालिकाहरूमा अहिले महिलमैत्री शहर बनाउने कार्य प्रारम्भ भएको छ, उनले भनिन-'यसमा सुनवललाई पहिलो महिलामैत्री शहरका मापदण्ड अनुसारका काम गरेर पहिलो हुने लक्ष्य छ। सोही अनुरूप काम पनि भई रहेको छ।'

हालसम्म करिब तीन करोड लगानी गर्ने र बिस्तारै थपिदै लैजाने योजना समेत उनले सुनाएकी थिईन्। सर्वेक्षणमा प्रत्यक्ष सहभागि हुँदै काम गराउँदै आएकी नगर प्रमुख अर्याले सुनवलकै वडा नं.६ विसासय स्थित भेलामा सहभागीहरूलाई सक्रिय भएर काम गर्न आग्रह समेत गरेकी थिईन्।

सुनवल नगरपालिकाले नगर कार्यपालिका भित्र काम विहिन बनाइएका महिला कार्यपालिका सदस्यहरूलाई जिम्मेवारी सुम्पिएको छ। यस्ले महिला नेतृत्वलाई सक्रिय बनाउँदै छ। स्थानीय तह सञ्चालन ऐन २०७४ ले पनि नगर कार्यपालिकालाई विषयगत जिम्मेवारी दिइएर सक्रिय बनाउनु पर्ने प्रावधान राखेको छ। तर विगत बर्षदेखि नै क्षेत्रिय भूमिकामा रहने वडाध्यक्षहरूलाई नै नगर कार्यपालिकाको विषयगत जिम्मेवारीले प्रभावकारी काम हुन सकिरहेको थिएन। अहिले सबै वडा अध्यक्षहरू आफ्ना वडाको जिम्मेवारी हेर्न र नगरपालिकाका विषयगत जिम्मेवारी कार्यपालिका सदस्यलाई नै दिईएको उनको भनाई थियो।

यो कानुन सम्मत पनि हुन्छ, उनले थपिन,कार्यपालिका सदस्य नै भनेर निर्वाचन आयोगले तोकेर प्रमाणपत्र प्रदान गरेको छ। तर धेरै स्थानीय तहमा ती कार्यपालिका सदस्यहरूलाई काम नै नहुने गरि जिम्मेवारी विमुख गरिएको अवस्था छ। अघिल्लो कार्यकालमा सुनवलमा पनि केही कार्यपालिका सदस्यलाई जिम्मेवारी मुक्त बनाई वडा अध्यक्षको जिम्मामा विषयगत समितिको जिम्मेवारी तोकिएको थियो।

अहिले वडा अध्यक्षहरू कार्यपालिकाको विषयगत समितिमा छैनन्। यसले कामको प्रभावकारिता पनि देखिन थालेको छ। वडा अध्यक्षलाई त वडाकै सबै काम गर्न भ्याई नभ्याई हुन्छ, उनले प्रश्न गर्दै भनिन्, विषयगत जिम्मेवारी दिँदा कि सम्बन्धित विषयको काम हुँदैन्, कि वार्डको काम प्रभावित हुन्छ। त्यो भएर सबै स्थानीय तहले कार्यपालिका सदस्यहरूलाई नै विषयगत समितिको जिम्मेवारी दिई काममा लगाउनुपर्ने उनको सुझाव समेत थियो। उनका अनुसार भौतिक पूर्वाधार विकास समितिको संयोजकको जिम्मेवारी कार्यपालिका सदस्य सिता तिमिल्सिना, आर्थिक विकास समितिको संयोजकमा सिता भण्डारी, वन वातावरण तथा विपत ब्यवस्थापन समितिको संयोजकमा जुठीमाया पुन, समाजिक विकास समितिको संयोजकमा भगवती बस्याल र सुशासन समितिको संयोजकमा भूमिकला शर्मालाई तोकेर एक बर्ष देखी काम भइरहेको छ। यस्ले भूमिका नपाएर बसेकी महिलाहरूले काम पाएर सक्रिय हुँदा महिला नेतृत्वको पनि विकास भई रहेको छ। त्यसै गरि विगतमा पठनपाठन छाडेकी महिलाहरूलाई महिला विद्यालय नै सञ्चालन गरेर पठनपाठन गर्ने अवसर प्रदान गरिएको छ। जिल्लामा रहेका लैगिँक हिँसा पीडित महिलाको उद्वार केन्द्रको ब्यवस्थापन पनि सुनवलमै गर्ने गरि ब्यवस्थापन गरिएको समेत नगरप्रमुख अर्याललले सुनाएकी थिईन्।

# एनसेल बन्यो भोल्टे रोमिङ सेवा सुरु गर्ने पहिलो नेपाली टेलिकम कम्पनी

काठमाडौं, (बुटवल टुडे) १९ साउन- नेपाल भ्रमणमा आउने विदेशीका साथै नेपाल बाहिर जाने आफ्ना ग्राहकहरूका लागि भ्वाइस ओभर लङ टर्म इभोल्युसन (भोल्टे) अन्तर्राष्ट्रिय रोमिङ सेवा सुरु गर्ने एनसेल पहिलो नेपाली टेलिकम कम्पनी बनेको छ। यससँगै अब ग्राहकहरूले विदेश यात्रा गर्दा पनि स्पष्ट सुनिने भ्वाइस कल र उच्च गतिको डेटा सेवा उपयोग गरी सधैं अन रहन सक्छन्।

एनसेलले पहिलादेखि नै विभिन्न देशबाट नेपाल आउने विदेशीहरूलाई इनबाउन्ड भोल्टे रोमिङ सेवा दिँदै आएको छ। कम्पनीले अब आफ्नो सेवा विस्तार गर्दै, सोमबारबाट लागू हुनेगरी भारत जाने ग्राहकहरूका लागि एयरटेलसँगको साझेदारीमा आउटबाउन्ड भोल्टे रोमिङ सेवा पनि प्रदान गर्न थालेको हो। भोल्टे दूरसञ्चार क्षेत्रको एक नयाँ प्रविधि हो।

यसले फोरजी नेटवर्कमार्फत अझ छिटो कनेक्ट हुने उच्च गुणस्तरीय आवाजसहितको एचडी कल सुबिधा प्रदान गर्दछ। यो सेवा थपिँदा पहिला नै उत्कृष्ट रोमिङ अफरको फाइदा लिईरहेका एनसेलका ग्राहकहरूका लागि भारत रोमिङ अझै परिस्कृत भएको छ। विभिन्न उद्देश्यका साथ नेपाल भ्रमणमा आउने अन्तर्राष्ट्रिय पर्यटकसमेत सबै ग्राहकलाई उत्कृष्ट डेटा र भ्वाइस सेवा अनुभव प्रदान गर्न एनसेल प्रतिवद्ध रहेको छ। ग्राहकहरूलाई भारत भ्रमणका बेलामा गुणस्तरीय सेवा प्रदान गर्न एयरटेलसँग साझेदारी गर्न पाएकोमा कम्पनी खुसी रहेको र थप अन्तर्राष्ट्रिय मोबाइल सेवा प्रदायकहरूसँग भोल्टे रोमिङ विस्तार गर्न परीक्षणहरू गरिरहेको एनसेलले जनाएको छ। एनसेलले भारतको जियो र भोडाफोन, अमेरिकाको एटी एन्ड टी, टी मोबाइल, र भरिजोन, जापानका सफ्टबैंक र एनटीटी डोकोमो, चीनको चाइना मोबाइल र चाइना युनिकम तथा क्यानडाको बेल र टेलस लगायतका प्रमुख अन्तर्राष्ट्रिय मोबाइल सेवा प्रदायकहरूसँग आउटबाउन्ड रोमिङ सेवा परीक्षण गरिरहेको छ।

इनबाउन्ड भोल्टे रोमिङका लागि, एनसेलले एयरटेल र जियो (भारत), चाइना मोबाइल (चीन), ओरेडू (कुवेत), मोबिली (साउदी अरेबिया), एटी एन्ड टी (अमेरिका), र भियटेल (भियतनाम) का ग्राहकहरूलाई भोल्टे रोमिङ सेवा दिँदै आएको छ। एनसेलले ग्राहकहरूलाई देश बाहिर जहाँ गएपनि उनीहरूका परिवारजन, साथीभाइ र व्यवसायसँग सधैं कनेन्टेड रहन विश्वव्यापी रोमिङ नेटवर्क विस्तार गर्दै आईरहेको छ।

# नमस्ते नेपालको दोस्रो महाधिवेशन भदौमा




बुटवल (बुटवल टुडे), १९ साउन। सामाजिक संस्था नमस्ते नेपाल रूपन्देहीको दोस्रो महाधिवेशन यही भदौ ७ गते हुने भएको छ। स्थापना भएको १४ बर्ष भएको यस संस्थाले महाधिवेशनको तयारिमा जुटिरहेको छ भने त्यसको अवसरमा विशेष लोगो सार्वजनिक गरिएको छ।

सार्वजनिक लोगोमा "२" अंकभित्र नेपालको नक्शा, संस्थाको स्थापना वर्ष २०६८, तथा हात जोडिएको 'नमस्ते' चिन्ह समावेश गरिएको छ, जसले राष्ट्रिय एकता र सामाजिक समर्पणको सन्देश दिन्छ।

महाधिवेशनका संयोजक तथा नमस्ते नेपालका केन्द्रीय अध्यक्ष मनिष भुसालका अनुसार, संस्था स्थापना कालदेखि नै युवाहरूमाझ सक्रिय भूमिका खेल्दै आएको छ। हालसम्म संस्थाले मधेस, गण्डकी र लुम्बिनी गरी तीनवटै प्रदेशमा शाखा विस्तार गरिसकेको छ। विविध सामाजिक कार्य, युवा प्रेरणा कार्यक्रम र जनचेतनामूलक अभियानमार्फत संस्था लोकप्रिय बन्दै गएको अध्यक्ष भुसालले जानकारी दिए।

महाधिवेशनमा देशभरबाट प्रतिनिधि, सामाजिक अगुवा, तथा विभिन्न क्षेत्रका विशिष्ट व्यक्तिहरूको उपस्थिति रहनेछ। आगामी कार्ययोजना, संगठन सुदृढीकरण र नेतृत्व चयनका विषयमा महत्वपूर्ण छलफल गरिने आयोजकले जनाएको छ।

# पण्डित उत्पादन गर्न वैदिक कक्षा

अर्घाखाँची (बुटवल टुडे) १९ साउन। अर्घाखाँचीको पाणिनि गाउँपालिका वडा नं. ६ कार्यालयले एक महिनाको वैदिक कक्षा सञ्चालनका लागि आवेदन आह्वान गरेको छ। संस्कृतको प्रारम्भिक शिक्षा सिकाई वडाबाट नै पण्डित उत्पादन गर्ने वडाको लक्ष्य हो। गाउँमा पण्डितको अभाव हुँदै जाँदा वडामा रहेका युवाहरूलाई धर्म सिकाउन लागिएको हो। पाणिनी गाउँपालिकाको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत वडामा वैदिक कक्षा सञ्चालन गर्न लागिएको हो। इच्छुक वडावासी नागरिकहरूले निर्धारित समयभित्र आवश्यक कागजातसहित आवेदन दिन वडाले सूचित गरेको छ।

स्थानीय संस्कृतिको जगेर्ना र वैदिक शिक्षाको प्रवर्द्धन गर्ने उद्देश्यले कार्यक्रम ल्याइएको वडा अध्यक्ष कृष्णप्रसाद पौडेलले बताए।


## स्थानीय सरकार
## रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**परासी, नवलपरासी (ब.सु.प.)**
**लुम्बिनी प्रदेश, नेपाल**

## नदीजन्य पदार्थ (भस्कट) लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना।

**तेस्रो पटक सूचना प्रकाशित मितिः २०८२/०४/२०**

यस रामग्राम नगरपालिकाको तपसिलको स्थानमा घाटगद्दी गरी राखिएको नदीजन्य पदार्थ (भस्कट) जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम बिक्री गर्ने यस नगर कार्यपालिकाको मिति २०८२/०२/०६ गतेको निर्णय बमोजिम लिलाम बढाबढ गर्ने प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | क्षेत्र | विवरण | | न्यूनतम अंक (भ्याट बाहेक) रु. | लिलाम बिक्री फारम दस्तुर रु. | धरौटी रकम |
|---|---|---|---|---|---|---|---|
| | | | परिमाण घ. फि. | दर प्रति घ. फि. रु. | | | |
| २ | 7/RAM/RE V/ 2081-082 | घिनाहा-डिघवल (बायोग्यासको दक्षिण पश्चिम) रामग्राम-१५ | २,१३,९०२.५५ | ५.६४ | १२,०६,१९६.५० | १०००।- | कबोल अंकको ५ प्रतिशत |

**शर्तहरू**

लिलाम बढाबढको सिलबन्दी दरभाउपत्रको फारम यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समय भित्र कार्यालयको राजश्व शाखामा रु. १,०००।- (फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ। यसका लागि आ.व. २०८१/०८२ को नविकरण भएको फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, आ. व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन दिनुपर्नेछ। बाँकी विवरणको लागि रामग्राम नगरपालिकाको वेभसाइटमा राखिएको सूचना हेर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**

## आम्दा नेपाल
## सिद्धार्थ बाल तथा महिला अस्पताल
**बुटवल-७, रूपन्देही, नेपाल**
**फोन नं.: ०७१-५०२१०१, ५०२०९७**
**(सूचना नं. ६२/२०८२/८३)**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/१९)**

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलका लागि निम्न पदमा देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात् २०८२/०४/२५ गते दिउसो ४:०० बजेभित्र online application द्वारा आवेदन गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचना सम्बन्धी विस्तृत जानकारीका लागि आम्दा नेपालको वेबसाइट https://www.amda.org.np/career–view–available–jobs वा निम्न ठेगानामा सम्पर्क राख्न सकिनेछ।

**तपशिलः**

**१. पदः** स्टाफ नर्स (Staff Nurse)

**संख्याः** केहि।

**सेवाको प्रकारः** करार (समयगत रोजगारी)।

**२.न्युनतम शैक्षिक योग्यताः**

■ मान्यता प्राप्त शिक्षण संस्थाबाट PCL Nursing उत्तीर्ण भई सम्बन्धीत परिषदमा दर्ता कायम रहेको हुनुपर्नेछ।

**३. प्राथमिकताः**

■ Critical care वा Labor इकाईमा कार्य अनुभव भएकालाई प्राथमिकता दिईनेछ।

**आम्दा नेपाल**
**सिद्धार्थ बाल तथा महिला अस्पताल**
**बुटवल-७, दीपनगर, रूपन्देही, फोन नं. ०७१-५०२०९७, ५०२१०१**

## सच्याइएको

यस बुटवलटुडे दैनिकमा २०८२ साउन ४ गते (बर्ष १३ अंक २६८ पृष्ट ३) मा भेषराज चौधरीको कागजात हराएको सुचना प्रकाशित गर्दा (NPHC को लाईसेन्स Ragistretion No. B-25211 med GM) हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको ब्यहोरा अनुरोध छ।

## धितोमा रहेको सम्पति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २० गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय हरैयाबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसायिक कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ। उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**तपशिल**

**ऋणीको विवरण**

नाम : **आजिम गल्ला भण्डार** — अख्तियार प्राप्त व्यक्ति : निसार मु. — दर्ता नं. : ८४२३/०७५
दर्ता रहेको दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय — दर्ता मिति : २०७५/०७/१५
रजिष्टर्ड ठेगाना : कपिलवस्तु जिल्ला शुद्धोधन गा.पा. वडा नं. १ — स्थायी लेखा नं. : ६०८६९५८५१

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

१) हद्धिस मु.को नाति रियातुल्ला मु.को छोरा कपिलवस्तु जिल्ला पतरिया गा.वि.स. वडा नं. ३ हाल, शुद्धोधन गा.पा. वडा नं. १ बस्ने **निसार मु.**(ना.प्र.नं. : १/१५/६८८१९ जारी मिति र जिल्ला : २०६२/११/१०, कपिलवस्तु)

२) रियातुल्ला मु.को बुहारी निसार मु.को पत्नी कपिलवस्तु जिल्ला पतरिया गा.वि.स. वडा नं. ३ हाल, शुद्धोधन गा.पा. वडा नं. १ बस्ने **कैशर जहाँ मु.** (ना.प्र.नं. : ३८३००५/१८ जारी मिति र जिल्ला : २०६३/११/०४, कपिलवस्तु)

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :** मिति २०८०/०६/०५ को नागरिक राष्ट्रिय दैनिक पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

| धितोधनीको नाम | धितोको ठेगाना | सिट नं. | कित्ता नं. | क्षेत्रफल (व.मि.) |
|---|---|---|---|---|
| निसार मुसलमान | कपिलवस्तु जिल्ला पतरिया वडा नं. २ | २ख | २७२ | ५२४.८९ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८२/०५/०९ गते सोमबार भित्र यस बैंकको शाखा कार्यालय हरैया आईपुग्ने गरि पेश गर्नुपर्ने छ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ।
४) बोलपत्र साथ आफुले बोलकबोल गरेको रकमको कम्तिमा १० प्रतिशत हुन आउने रकम धरौटी स्वरुप संस्थाको मुख्य कार्यालयमा रहेको खाता नं. ०१३-९२७७४१०१००५ मा बोलपत्र पेश गर्ने अन्तिम मितिसम्म जम्मा गरी सो को सक्कल भौचर वा सो बराबरको यस बैंकको नाममा खिचिएको पेश गर्ने अन्तिम मिति भित्रको Good For Payment Cheque संलग्न गर्नु पर्नेछ।
५) प्राप्त बोलपत्रहरु मिति २०८२/०५/१० गते मंगलबार दिउसो ३:०० बजे यस बैंकको शाखा कार्यालय हरैयामा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन।
६) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ।
८) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
९) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999, Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

## श्री अभिलाषा बचत तथा ऋण सहकारी संस्था लि. को ऋण चुक्ता गर्ने सम्बन्धी १५ दिने सूचना।

**सूचना प्रकाशित मितिः २०८२ साउन २० गते मंगलबार**

यस श्री अभिलाषा बचत तथा ऋण सहकारी संस्था लि. का तपशिल बमोजिमका ऋणीहरूले यस संस्थाबाट लिएको ऋणको नियमित रूपमा सावाँ तथा व्याज भुक्तानी नगरी ऋण लिंदाको बखत गरेको शर्त उल्लङ्घन गरी ऋण भाखा नघाएको हुँदा उक्त ऋण असुलीका लागि पटक पटक तार ताकेता गर्दा तथा ऋण चुक्ता गर्ने सम्बन्धी ३५ दिने सूचना बुटवल टुडे राष्ट्रिय दैनिकमा मिति २०८२ असार १० गते, मंगलवार सार्वजनिक सुचना प्रकाशित गर्दा पनि ऋण भुक्तानी नगरेकोले सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम १ (क) तथा लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, सहकारी नियमावली २०७६ को परिच्छेद ६ को नियम २३ को उपनियम १ (क) बमोजिम सम्बन्धित ऋणीले यो सुचना प्रकाशित भएको मितिले १५ दिन (अर्थात मिति २०८२ साल भाद्र महिनाको ०३ गते भित्रमा संस्थामा सम्पर्क राखि तिर्नु बुझाउनुपर्ने कर्जाको सावाँ ब्याज र बाकी बक्यौता सम्पुर्ण रकम तिर्न बुझाउन वा रकम तिरी बुझाईसकेको भए त्यसको प्रमाण पेश गर्न आउनुहुन सूचित गरिन्छ। उक्त म्याद भित्र पनि तिर्नु, बुझाउनुपर्ने रकम तिर्न, बुझाउन नआएमा वा तिरी बुझाई सकेको प्रमाण पेश नगरेमा ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको तपशिलमा उल्लेखित जग्गा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ को परिच्छेद ८ को नियम ३० को उपनियम २ बमोजिम एवं लुम्बिनी प्रदेश सहकारी ऐन २०७६, लुम्बिनी प्रदेश सहकारी नियमावली २०७६ को परिच्छेद ६ को नियम २३ को उपनियम १ (ख) एवं संस्थाको नीति तथा कार्यविधिले दिएको अधिकार प्रयोग गरी लिलाम विक्रिको प्रकृया अगाडि बढाईने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| सुरक्षणको विवरण | ऋऋणीको विवरण |
|---|---|
| नाम : भगवती दर्जि<br>ठेगानाः जिल्ला रूपन्देही, गा.वि.स. करहिया १ (हाल तिलोतमा ९, मंगलापुर)<br>पतिको नामः अशोक राज नेपाल दर्जि<br>ससुराको नामः देव बहादुर दर्जि | जग्गा धनिको नामः भगवती दर्जि<br>जग्गाको विवरणः जिल्ला रूपन्देही गा. वि. स.: करहिया<br>वडा नं. ४।क कित्ता नं. ११५२ क्षेत्रफल ०-०-९-०<br>(नौ धुर मात्र) |
| नाम : अशोक राज नेपाल दर्जि<br>ठेगानाः जिल्ला रूपन्देही, गा.वि.स. करहिया १ (हाल तिलोत्तमा ९, मंगलापुर)<br>बाबुको नामः देव बहादुर दर्जि<br>बाजेको नामः उम बहादुर | जग्गा धनिको नामः अशोक राज नेपाल दर्जि<br>जग्गाको विवरणः जिल्ला रूपन्देही गा. वि. स. करहिया<br>वडा नं. ४।क कित्ता नं. ६११ क्षेत्रफल ०-०-८, ५०-०<br>(साडे आठ धुर मात्र ) |

## लिलाम विकि गर्ने बारेको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति** (२०८२।०४।१९ )

यस नेपाल परिवार नियोजन संघ रुपन्देही शाखाको कार्यालयमा रहेका पुराना प्रयोगमा नरहेका कार्यालय सामग्रीहरु तथा कागजातहरु जहाँ जे जस्तो अवस्थामा छन सोही अवस्थामा लिलाम बढाबढ प्रक्रियाद्वारा विक्रि गरिने भएको हुँदा इच्छुक सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिलाम विकि गर्ने सामानहरु**

**1.** Audio Visual Equipment's **2.** Ambulance **3.** Electric Items **4.** Others Misc Items **5.** Printers and projectors **6.** Computers Parts **7.** Furniture and accessories **8.** Air conditions **9.** Motorcycle **10.** Medical Equipment's **11.** Vehicle Tyres, Tubes, Batteries **12.** Inverter Batteries. विस्तृत विवरण तथा सामाग्रीहरुको सुची र भौतिक अवश्था कार्यालयको लेखा शाखामा सम्पर्क राखि हेर्न र पाप्त गर्न सकिनेछ।

विस्तृत जानकारी बुझ्न आवश्यक परेमा कार्यालय समय नेपाल परिवार नियोजन संघ रुपन्देही शाखा कार्यालयको लेखा शाखामा बुझ्न सकिने छ।

**लिलाम विकि हुने मितिः** २०८२ भाद्र २ गते दिउसो ११ वजे ।

**स्थानः** नेपाल परिवार नियोजन संघ रुपन्देही शाखा कार्यालय, बुटवल ५ हाटबजार।

**नेपाल परिवार नियोजन संघ**
**रुपन्देही।**
**फोन नं. ०७१-५४००८१**

## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सुचना

**सूचना प्रकाशित मितिः २०८२।०४।२०**

श्री टेक बहादुर श्रेष्ठको नाति, श्री बाल कृष्ण श्रेष्ठको छोरा, रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. २ बस्ने ना. प्र. नं. ४७९७९ स्याङ्जा (रुपन्देही) भएको श्री दिपेन्द्र कुमार श्रेष्ठको नाममा यस विकास बैंकको मणिग्राम, रुपन्देही शाखा कार्यालयमा बचत खाता नं. ०४९११८०१२०८६८३००००००१ रहेकोमा निजको मिति २०८२/०३/२९ मा मृत्यु भएको र निज मृतक दिपेन्द्र कुमार श्रेष्ठको नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भूक्तानीको माग गर्दै स्याङ्जा जिल्ला, रत्नपूर गा.वि.स. वडा नं. २ स्थायी ठेगाना भई हाल रुपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. २ बस्ने मृतक दिपेन्द्र कूमार श्रेष्ठकी पत्नी नाता पर्ने श्रीमती पार्वती श्रेष्ठले मृतकको मृत्यूदर्ता प्रमाण-पत्र (दर्ता नं. २०३८०९२९०२७५६-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नू भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सुचना प्रकाशन भएको मितिले ३५ दिन भित्र विकास बैंकमा आवश्यक सबूत प्रमाणका कागजात सहित निवेदन दिनूहून अनूरोध छ। अन्यथा तोकिएको समय भित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदिका श्रीमती पार्वती श्रेष्डलाई उल्लिखित व्यक्तिको खाताको रकम भूक्तानी भैजाने व्यहोराको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**गरिमा विकास बैंक लिमिटेड**
**Garima Bikas Bank Limited**
**मणिग्राम शाखा**